## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/३/९)**

नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९ को दफा ११ को उपदफा (२) बमोजिम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्ने भएकोले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड-२०८३ अनुसार देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ बमोजिम न्युनतम योग्यता तथा अनुभव पुगेको र सोही मापदण्डको दफा ५ बमोजिम अयोग्यता नभएको हुनु पर्नेछ। उम्मेदवारले दरखास्तसाथ देहायका कागजात पेश गर्नु पर्नेछः

(१) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने संलग्न बमोजिमको दरखास्त फाराम,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ को (क) बमोजिम न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(४) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ को (ख) बमोजिम अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

(५) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,

(६) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रमाणित प्रतिलिपि,

(७) संलग्न बमोजिमको स्वःघोषणा,

(८) उम्मेदवारले दरखास्त साथ प्रतिष्ठानको दीर्घकालीन सोचसहितको रणनीतिक (कार्ययोजना २५००-३००० शब्दमा नबढ्ने गरी) तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछः

- (क) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको,
- (ख) तीनै प्रति कार्ययोजनाको प्रथम पृष्ठमा संलग्न बमोजिमको प्रथम पृष्ठ संलग्न गर्नु पर्ने छ। पेश गरेको रणनीतिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनु पर्नेछ। सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनु पर्नेछ।
- (ग) रणनीतिक कार्ययोजना खाम भित्र राखी शिलबन्दी गरिएको हुनु पर्नेछ।
- (घ) रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

(११) **दरखास्त पेश गर्ने अन्तिम मितिः**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८३/०३/१५ गते)। अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन।

(१२) **दरखास्त पेश गर्ने स्थानः**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रशासन सुधार महाशाखा, सिंहदरबार।

(१३) मूल्याङ्कन गर्दा लिइने आधार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ मा उल्लेख गरे वमोजिम हुनेछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ र दरखास्त आह्वान सम्बन्धी सूचना, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको वेबसाइटमा समेत हेर्न सकिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि मन्त्रालयको प्रशासन सुधार महाशाखाको फोन नं. ०१—४२००३०२ मा सम्पर्क राख्न सकिनेछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी
निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न
गठित सिफारिस समिति